नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

# राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

टेकु, काठमाण्डौं

फोन नं. ४५५२४२१
फ्याक्स नं. ४५५२३७५

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाडौं २०५०

पत्र संख्या २०७७/७८
चलानी नं. ३०१

मिति २०७७/०६/०९

## सूचना।

कोभिड-१९ को पीसीआर परीक्षण गर्न अनुमति प्राप्त सबै निजी प्रयोगशाला एवं सम्बन्धित सर्वसाधारण सबैका लागि ।

"निजी प्रयोगशालालाई कोभिड-१९ को मोलिक्यूलर (पीसीआर) परीक्षण गर्न अनुमति दिने सम्वन्धी निर्देशिका २०७७" को दफा १(च) मा उल्लेख भए बमोजिम "अनुमति पाएका प्रयोगशालाले नेपाल सरकारले कोभिड-१९ परीक्षण सम्बन्धी जारी गरेको सबै नीति, नियम तथा निर्देशिका अनिवार्य पालन गर्नु पर्ने" व्यवस्थाको अधिनमा रही निजी प्रयोगशालाहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पीसीआर परीक्षणको लागि तोकेको शुल्क (हाल रु २०००।-) मात्र लिन पाउने भएपनि मिति २०७७/०६/०८ र ०९ गते यस प्रयोगशालाले गरेको अनुगमनको क्रममा निजी प्रयोगशालाहरुले आन्तरिक निर्णय गरी स्वेच्छाले शुल्क निर्धारण गरी पीसीआर परीक्षणको शुल्क लिने गरेको पाइएकोले आजैको मितिबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको शुल्कमा कोभिड-१९ को पीसीआर परीक्षण गर्नुहुन अन्तिम पटक अनुरोध गरिन्छ। बढी शुल्क लिएको प्रमाणित भएमा सोही निर्देशिकाको दफा १(ज) मा उल्लेख भए अनुसार "अनुमति पाएका प्रयोगशालाले मापदण्ड पुरा नगरेमा अथवा नीति नियम निर्देशिकाहरु पालन नगरेमा जुनसुकै बखत अनुमतिपत्र खारेज गर्न सकिने" अधिकार प्रयोग गरी पीसीआर परीक्षणको अनुमति पत्र तुरुन्त खारेज गरिने व्यहोरा जानकारीको लागि सूचित गरिन्छ ।साथै सर्वसाधारण व्यक्तिले कोभिड-१९ को पीसीआर परीक्षण गराउँदा निजी प्रयोगशालाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेभन्दा बढी शुल्क लिएमा पीसीआर परीक्षणको शुल्क भुक्तानी गरेको विल सहित यस प्रयोगशालामा सूचित गर्नुहुन समेत अनुरोध गरिन्छ ।

२०७७/०६/०९

..................
इन्दिरा आचार्य
शाखा अधिकृत